## आगामी डब्लुटिओ बैठक

# 'एजेन्डामा दबाब देऊ'

**नागरिक संवाददाता**
*काठमाडौं, मंसिर १३*

विश्व व्यापार संगठन (डब्लुटिओ) को बैठकमा आफ्ना एजेन्डालाई दरिलोसँग राख्न सके मात्र नेपालले त्यसबाट फाइदा उठाउन सक्ने सुझाव विज्ञहरूले दिएका छन्।

इन्डोनेसियाको बालीमा आगामी साता डब्लुटिओको नवौं मन्त्रीस्तरीय सम्मेलन आयोजना हुँदैछ। उक्त बैठकमा वाणिज्य मन्त्री शंकरप्रसाद कोइरालाको नेतृत्वमा नेपाली टोली सहभागी हुँदैछ। नेपालले डब्लुटिओमा अतिकम विकसित मुलुकहरू (एलडिसी) को नेतृत्व गर्नेछ।

बाली सम्मेलनले एलडिसीको विकास, व्यापार सहजीकरण र कृषिका एजेन्डलाई प्रमुख रूपमा छलफलको विषय बनाएको छ। नेपालले यी मुद्दाबाहेक उत्पत्तिको प्रमाण पत्र, सेवा क्षेत्रमा दिइने छुट, शून्य भन्सार र कोटा छुटको सुविधा, व्यापार सहजीकरणका विविध पक्ष जस्ता थप एजेन्डामा पनि लबिङ गर्दैछ।

अतिकम विकसित मुलुकहरूको नेतृत्व गर्ने भएकाले पनि बैठकमा उठाउने एजेन्डामा नेपाल दरिलो रूपबाट प्रस्तुत हुनुपर्ने सुझाव उनीहरूले दिए।

नेपाली टोलीले अतिकम विकसित मुलुकलाई फाइदा पुग्ने गरी मुद्दाहरूमा लबिङ गर्नुपर्छ,' डब्लुटिओमा नेपालको सहभागिताबारे सरोकारवालाहरूसँग बिहीबार भएको छलफलमा उनीहरूले भने 'कतिपय एजेन्डामा एलडिसीका लागि मात्र होइन आफ्नै हितका लागि पनि आवाज उठाउनुपर्छ।'

विकसित र प्रभाव पार्न सक्ने मुलुकहरूले राखेको एजेन्डामा 'हो मा हो' मिलाउँदै जाने हो भने नेपाल कुनै पनि सुविधा लिनबाट वञ्चित हुने उनीहरूले बताए। नेपाल उद्योग वाणिज्य महासंघका सदस्य शंकरप्रसाद पाण्डेले उत्पादनमुखी मुद्दा र भूपरिवेष्ठित मुलुकका हिसाबले नेपालको व्यापारमा समस्या परेको जनाउँदै आगामी बैठकमा यस बारेमा पनि कुरा उठाउनु पर्नेमा सुझाव दिए। 'उत्पत्तिको प्रमाण पत्रको मुद्दाका कारण पनि नेपालको निर्यात व्यापारमा समस्या आएको छ,' उनले भने 'यसलाई नेपाली टोलीले बलियोसँग उठाउन सक्नुपर्छ।'

अर्थशास्त्री विश्वम्भर प्याकुरेलले डब्लुटिओका साथै द्विपक्षीय र बहुपक्षीय व्यापार वार्तामा पनि नेपालले ध्यान दिनुपर्ने बताए। उनले कुन क्षेत्रको व्यापारमा मुलुकको सम्भावना छ भन्ने यकिन नगरेसम्म अरूले दिने सहुलियतले ठूलो फरक नपार्ने दाबी गरे।

*बाँकी पृष्ठ ख*

## एजेन्डामा ...

'सबैभन्दा पहिले नेपालको व्यापारमा सबैभन्दा बढी सम्भावनाको क्षेत्र कुन हो? राज्यले यकिन गर्नुपर्‍यो,' प्याकुरेलले भने 'त्यसपछि मात्र सहुलियत लिन गरेको प्रयत्नले राम्रो नतिजा दिन सक्छ।'

मन्त्रिपरिषदका सचिव सूर्य सिलवालले डब्लुटिओको सदस्य हुँदा राज्यले गरेको अपेक्षा ८० प्रतिशतसम्म पनि पुरा हुन नसकेको बताए। उनले डब्लुटिओबाट मुलुकले लिने फाइदा पहिलेको भन्दा पनि अहिले खस्केको दाबी गरे।

सचिव सिलवालले भन्सार र कोटा छुटको सुविधा, व्यापार विस्तारका लागि सहयोग, उत्पत्तिको प्रमाण पत्रमा सहुलियतजस्ता विषयमा सुविधा बढाउन निरन्तर दवाव दिन सुझाव दिए।

तयारी पोशाक उद्योग संघका अध्यक्ष उदयराज पाण्डेले भन्सार र कोटाको मुद्दामा सत प्रतिशत सुविधाका लागि दबाब दिनुपर्ने बताए।

उनले यो एजेन्डामा खासगरी अमेरिकालाई मनाउने गरी लबिङ गर्न सुझाव दिए। उनले विकसित मुलुकहरूले व्यापारका लागि सहयोग दिने भने पनि त्यसबाट नेपालले फाइदा उठाउन नपाएको बताए।